नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

(कर्मचारी कल्याण शाखा)

पत्र संख्या : ०८०/०८१

चलानी नं. : १२५

मिति २०८०।१२।०७

श्री प्रशासन शाखा
सबैलाई जानकारी
गराउनुहुन
१२।१५

श्री स्थानिय तह, सबै,।

विषय : सेवा विस्तारको जानकारी सम्बन्धमा ।

प्रस्तुत विषयमा निजामती कर्मचारी अस्पतालको च.नं १३८९ मिति २०८०।१२।०४ को पत्र यसै साथ संलग्न छ।

उक्त पत्रमा उल्लेख भए बमोजिम उक्त अस्पतालबाट प्रदान गरिने बहिरंग सेवा (OPD) विस्तार र विशेष गरी निजामती कर्मचारी र निजको परिवारलाई प्रदान गर्ने बहिरंग सेवा (OPD) प्रत्येक हसा ६ दिन बिहान ९ देखी १० बजे सम्म र दिउसो २ देखि ४ बजे सम्म प्राथमिकतामा राखि समय छुट्टयाएकोले सो समयमा सहज रुपमा सेवा लिन सकिने व्यहोरा तहाँ र तहाँ मातहत कार्यरत कर्मचारीहरुलाई जानकारी गराईदिने व्यवस्थाको लागि आदेशानुसार अनुरोध छ।

शरद कुमार दाहाल
शाखा अधिकृत

बोधार्थ
श्री निजामती कर्मचारी अस्पताल, मीन भवन, काठमाडौं।

रेसुङ्गा नगरपालिका कार्यालय
दर्ता नं.:- १०६६
मिति :- ०८०।१२।१५

नेपाल सरकार

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

# निजामती कर्मचारी अस्पताल

मिनभवन, काठमाण्डौं

प.सं.२०८०/८१

च.नं. १३८९

फोन नम्बरः ०१४१०७०००

फ्याक्स नं.: ०१४१०७००३

मितिः २०८०।१२।०४

श्रीमान् सचिवज्यू,

संघीय मामिला तथा समान्य प्रशासन मन्त्रालय,

सिंहदरबार, काठमाडौं ।

विषयः बहिरङ्ग सेवा (OPD) सेवा विस्तार सम्बन्धमा ।

उपर्युक्त विषयमा यस अस्पतालवाट प्रदान गरिदै आएको बहिरङ्ग सेवा (OPD) लाई अझ बढी व्यवस्थित वनाउन र निजामती कर्मचारी तथा निजका परिवारहरुलाई प्रदान गरिने सेवामा सहज पहुँच अभिवृद्धि गर्नका लागि देहाय वमोजिमको थप व्यवस्था गरिएको हुँदा सवै निजामती कर्मचारीलाई जानकारी गराउने प्रयोजनका लागि ताहाँ मार्फत सवै मन्त्रालय/निकाय/आयोग/सचिवालयलाई परिपत्र गरिदिनु हुनको लागि सादर अनुरोध गर्दछु ।

देहाय

(क) सवै विषयका बहिरङ्ग सेवा (OPD) लाई हप्ताको ६ दिन नै सञ्चालनमा ल्याइएको।

(ख) निजामती कर्मचारी तथा निजका परिवारहरुलाई विहान ९ वजे देखि १० बजे सम्म बहिरङ्ग सेवा (OPD) प्रदान गर्ने समय छुट्याइएको ।

(ग) सर्वसाधारण विरामीलाई १० बजे देखि दिउसो १:०० बजे सम्म र निजामती कर्मचारी तथा निजका परिवारहरुलाई दिउसो २:०० बजे देखि ४:०० बजे सम्म प्रथामिकतामा राखि बहिरङ्ग सेवा (OPD) सेवा प्रदान गरिने व्यवस्था मिलाईएको।

सादर अवगतार्थ

श्रीमान् मुख्य सचिवज्यू, नेपाल सरकार

(अध्यक्ष, निजामती कमर्चारी अस्पताल विकास समिति) ।

.............................

(प्रा.डा. विधान निधि पौडेल)

कार्यकारी निर्देशक